हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १०९ पृष्ठ : ४ २०७७ मंसिर ०४ गते विहीबार (Thursday 19 November 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना
स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।
प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

### भूमिहीन सुकुम्बासीको गुनासो

## ‘वास्तविक भूमिहीन सुकुम्बासीले जमीन पाएकैं छैन’

**संजय महरा**

**सिरहा ।** भूमिहीन सुकुम्बासी अधिकारकर्मी र अगुवाहरूले वास्तविक भूमिहीन सुकुम्बासी परिवारले जमीन नपाएको गुनासो गरेका छन् । उनीहरूले सुकुम्बासीको नामको जग्गा ठूला ठूला धनाढयको कब्जामा रहेकोले जग्गा फिर्ता गराई वास्तविक भुमिहीन, सुकुम्बासीहरूलाई वितरण गर्न समेत माग गरे ।

राष्ट्रीय दलित नेटवर्क काठमाण्डौद्वारा लहानमा बुधबार आयोजित 'भुमिहीन, सुकुम्बासी तथा हरवा चरवाको अधिकार सम्बन्धी' कार्यशाला गोष्ठिमा वास्तविक भूमिहीन सुकुम्बासी परिवारले जमीन नपाएको गुनासो राखेका हुन । कार्यशाला गोष्ठीमा सिरहा, सप्तरी र धनुषाका भूमिहीन तथा हरवा चरवा अधिकारकर्मी र अगुवाहरूको सहभागिता रहेको थियो । प्रदेश नम्बर २ का उधोग, पर्यटन, वन तथा वातावरण राज्य मन्त्री सुरेश मण्डलले मैनवती प्रज्वलन गरी कार्यशाला गोष्ठीको उदघाटन गरेका थिए ।

भूमिहीन, सुकुम्बासी तथा हरवा चरवाको अधिकार सम्बन्धी कार्यशाला कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उधोग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले कार्यक्रमलाई सम्बोधन गर्दै भूमिहीन, सुकुम्बासी तथा हरवा चरवा समुदायले आफ्नो हक अधिकारका लागि आफै अग्रसर हुनुपर्नेमा जोड दिए ।

राज्यमन्त्री मण्डलले नेपालमा व्यवस्था परिवर्तन भएसँगै हरेक तह तप्का समुदायमा पनि परिवर्तन हुनुपर्ने आवश्यकता औल्याए । उनले नेपालमा बास्तविक सुकुम्बासीहरूले जमिन नपाएकोमा दुःख व्यक्त गरे । उनले सुकुम्बासीको नामको जग्गा ठूला ठूला धनाढयको कब्जामा रहेकोले जग्गा फिर्ता गराई वास्तविक भूमिहीन, सुकुम्बासीहरूलाई वितरण गर्ने आश्वासन दिए । राज्यमन्त्री मण्डलले भूमिहीन तथा सुकुम्बासीहरूको जग्गा मारुति सिमेन्टजस्ता भुमाफियाहरूले कब्जा गरेको भन्दै त्यस्तालाई कारबाही गर्न प्रदेश सरकार पछि नपर्ने जिकिर गरे ।




'दलित, भुमिहीनको खेती गर्ने कम्युनिस्टहरूले उनीहरूको भोटले सत्तामा पुगेपनि दलित तथा भूमिहीनहरू जस्ताको तस्तै रहे,' उनले भने । तर कम्युनिस्ट भनाउँदाहरूले महल ठडाउन भ्याएपनि उनिहरूले जोगीको भेषमा चोरहरूले ठगे जस्तै कम्युनिस्टहरूले ठगी गरिरहेको उनको आरोप थियो । उनले विभेदमा परेको समुदायले आफनो हक अधिकार दिलाउने र भूमिहीन हरवा चरवाको पक्षमा काम गर्नेलाई चिन्न आवश्यक समेत रहेको बताए ।

कार्यक्रममा पत्रकार अर्जुन थपलियाले भूमिहीन, सुकुम्बासी तथा हरवा चरवाका अधिकार सम्बन्धी प्रस्तुत गरेका थिए । कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य राकेश झाले आफनो पार्टी सदैब दलित, भूमिहीन तथा सुकुम्बासीहरूको हक हितमा लडिरहेको बताए ।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दर्शन मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका केन्द्रीय सचिव लागेन्द्र सदाले स्वागत मन्तव्य र राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका केन्द्रीय कोषाध्यक्ष राजवती देवी मण्डल, जिल्ला हरवा चरवा अधिकार मञ्च सिरहाका अध्यक्ष श्यामसुन्दर सदा, जिल्ला हरवा चरवा अधिकार मञ्च सप्तरीका देवलाल राम लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको संचालन राष्ट्रिय दलित नेटवर्कका कार्यक्रम संयोजक संजय महराले गरेका थिए ।

## १७ लाख रुपैयाँ बराबरको कपडा पक्राउ

**लहान ।** प्रहरीले सिरहाको बन्दीपुर चेकप्वाइन्टबाट ठूलो परिमाणमा कपडा र पिकअप गाडीसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार पूर्व पश्चिम राजमार्ग अन्तर्गत बन्दीपुर चेक प्वाइन्टबाट प्रहरी टोलीले १७ लाख २६ हजार १ सय ७४ रूपैयाँ बराबरको लताकपडा र पिकअप गाडीसहित सुनसरी गढी गाउँपालिका-४ का २१ वर्षीय सुर्यलाल उरावलाई पक्राउ गरेको हो । पक्राउ परेका उराव पिकअप चालक भएको प्रहरीले जनाएको छ । पुर्व पश्चिम राजमार्गमा पुर्वबाट पश्चिमतर्फ जादै गरेकोको पिकअप गाडी रोकी चेकजाँच गर्दा बिल शंकास्पद देखिएका कारण कपडा, गाडी र चालकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

बाँकी ४ पेजमा

## लागूऔषध सहित एक जना पक्राउ

**लहान ।** प्रहरी गस्ती टोलीले सिरहाको कटहाबाट बुधबार लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको गस्ती टोलीले कटाहा चौकस्थित चेकजाँच गर्ने क्रममा लागूऔषधसहित लहान नगरपालिका-३ का १९ वर्षीय प्रमानन्द गुप्तालाई साँझ ५ बजे पक्राउ गरेको हो ।

पक्राउ परेका गुप्ताको साथबाट लागूऔषध फेनारगन ४७ एम्पुल, डाइजेल्याप ४७ एम्पुल र नोर्फिन ४७ एम्पुल फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।





**अवैध लागूपदार्थ सेवन र ओसारपसार बढ्दो**

अवैध लागूऔषध न्युनिकरण, सेवनबाट हुने असर र यसको कारोबार नियन्त्रणका लागि प्रहरीले जनचेतना अभियान चलाउदै आएको छ । तर पनि यसको न्यूनिकरणको साटो लागूऔषध कारोबार र दुर्व्यसनीको संख्यामा बढ्दो छ ।

नेपालमा प्रतिबन्धित लागूऔषधहरू भारतको सीमावर्ती बजारहरूमा खुलम खुल्ला रूपमा

बाँकी ४ पेजमा






फ्रेन्डस मोडल हस्पिटल, लहान ८
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## छठको रौनक

मानव जीवनका लागि अत्यावश्यक नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठपर्व सुरु भएको छ । सिरहा लगायत तराई मधेसका जिल्लामा छठ पूजाका लागि पोखरी, तलाउ सिंगारिएको छ । झकिझकाउ पार्न थालिएको छ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने सूर्यदेवको आराधना, उपासना र पूजा गरी छठ पर्व मनाइन्छ । मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्छन् । कात्तिक शुक्ल चतुर्थीका दिन छठस्थलमा सरसफाइ एवं स्नान गरेका बर्तालु पञ्चमीका दिनमा निर्जल उपवास बस्छन् । यस दिन बेलुकी घरमा खिर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भनिन्छ ।

षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाइ र रोटी सूर्य एवं छठीमातालाई चढाउने गर्छन् । रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ । षष्ठीका दिन पकवान, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीं रात बिताइन्छ । सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरु लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको छ ।

पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो । कात्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने विश्वास गरिन्छ । सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्य पूजा र दर्शन गरी विवाहित महिला पुरुषले पतिपत्नीको दीर्घायु एवं अविवाहित केटाकेटीले सुयोग्य वर वधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको संख्या पनि धेरै छ ।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुशी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रौपदीसहित पाण्डवहरूले अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डवहरू विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको पौराणिक ग्रन्थमा उल्लेख छ । अत्रिमुनिकी पत्नी अनुसूयाले सर्वप्रथम छठ व्रत गरेको सूर्य पुराणमा उल्लेख छ । छठ व्रतका प्रभावले अटल सौभाग्य र पतिप्रेम प्राप्त भएपछि अरुले पनि मनाउने परम्पराको शुरुआत भएको अनुयायीको भनाइ छ ।

यस वर्ष कात्तिक शुक्ल षष्ठी अर्थात् मंसिर ५ गते शुक्रबार बेलुकी अस्ताउँदो र सप्तमी अर्थात् मङ्सिर ६ गते शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ । कोरोनाका कारण विगत वर्षजस्तो छठको रौनक छैन । यस वर्ष भने कोरोना महामारीका कारण छठस्थलमा विधिमात्र पूरा गर्न प्रशासनले आह्वान गरेको छ । कोरोना फैलन सक्ने भएकाले छठस्थलमा रात नबिताउनसमेत प्रशासनले निर्देशन दिएपनि सचेतता अपनाउँदै छठ पर्व मनाउन तराईका पोखरी, नदी, तलाउ सिंगारिएको छ ।

# पालिकाले कूल ग्राहस्थ उत्पादन बढाउने उपाय

## पालिका बहस

**डा. विजयप्रसाद मिश्र**



पालिकाहरूमा निर्वाचित भएका जनप्रतिनिधिहरूले गाउँठाउँ, समुदायको विकासका लागि शिक्षा, स्वास्थ्य, बाटोघाटो विस्तार, सशक्तिकरणका लागि तालिमहरु संचालन गर्ने काम जोडतोडले गरिरहेका छन् । जे माग आयो त्यही काम गर्ने जनप्रतिनिधिहरू अग्रसर देखिन्छन् । जनप्रतिनिधि हुने बेलामा गरेका वाचाहरू पूरा गर्नका लागि सबै लागेका छन् । तर पनि साँचो अर्थमा पालिकाहरूले दिगो विकास गर्न पाइरहेका छैनन् । किन यस्तो भयो त ? यसको मूल कारण पालिकाहरू परम्परागत शैलीमै अगाडी बढी रहेकाले हो त ? या नागरिकहरू पनि पुरानै ढर्राका विकासका कामहरू गर्न अग्रसर भएर हो ? भौतिक पूर्वाधार विकासको दायित्व पालिकाहरूको हो भन्ने मानसिकता नागरिक र जनप्रतिनिधिमा छ । भौतिक पूर्वाधार विकास गरेर मात्र समग्र समुदायको विकास हुन सक्दछ त ? सक्दैन । त्यसो भए के गर्ने त ? धेरै उपायहरू मध्ये एक उपाय पालिकाको कूल ग्राहस्थ उत्पादन बढाउने हो । कसरी गर्न सकिन्छ त भन्ने विषयमा केन्द्रित रहेर यो लेख तयार गरिएको छ ।

नेपालका कूल ग्राहस्थ उत्पादनको दर बढाउन प्रत्येक पालिकाले योगदान गर्न सक्दछ । थोपा थोपा पानी मिलेर समुन्द्र बनेको हुन्छ । तपाईको पालिका क्षेत्र भित्र उत्पादन हुने वस्तु र सेवाको अन्तिम मूल्यको समग्र जोड नै पालिकाको कूल ग्राहस्थ उत्पादन हो । एक वर्षभित्र कुनै पनि पालिका भित्र के के वस्तुहरु उत्पादन हुन्छन् ? ती वस्तुहरु उपभोक्ताले खरिद गर्ने मूल्य कति कति छ ? साथै पालिका भित्र के कस्ता सेवाहरू प्रवाह भइरहेको छ ? ती सेवाहरू लिए बापत सेवा प्राप्त गर्नेले कति मूल्य तिरिरहेको छ ? वस्तु र सेवा दुवैको जम्मा मूल्य कति हुन्छ ? त्यो नै कूल ग्राहस्थ उत्पादन वा कूल घरेलु उत्पादन हो जसलाई छोटकरीमा जीडिपी भनिन्छ । विश्वका विभिन्न देशहरुको जीडीपीको अवस्थालाई अमेरिकी डलरमा मापन गर्ने चलन छ । कोभिड १९ को कहरले जीडीपी ओरालो लाग्नु स्वाभाविक भएपनि पालिकाहरूले सही ढंगले समयमै कदम चालेमा नेपालको जीडीपी बढाउन भूमिका निर्वाह गर्न सक्दछन् ।

जीडीपी हेर्ने काम देशको हो हामी पालिका हौं, हामीले यसमा के को चाँसो लिने ? भन्नेहरूले एउटा कुरा हेक्का राख्नु पर्दछ कि तपाईले जिम्मेवारी पाउनु भएको पालिकाको क्षेत्रले जीडीपीका लागि के योगदान दिने त ? भाषण र चिप्ला कुरा गरेर वा सिद्धान्तका कुरा गरेर वा समाजवाद, साम्यवादका कुरामात्र गरेर समृद्धि आउँदैन । तपाई त पालिका क्षेत्रको नागरिकको अभिभावक हो ? तपाईको कर्तव्य हो कि गाउँ समुदायमा जीडीपी बढाउने । हामी पालिका भित्रका नागरिक र जनप्रतिनिधिको निर्वाचनमा हारेकाहरूले विहान उठेर चिया पसलमा वा चौराहामा सधैं राजनीतिक बहस गर्दछौं । फलनाले यति बलिदान गरेको थियो । फलाना यस्तो । राजनीतिका लागि यस्तो त्याग गरेको थिए । उस्तो त्याग मेरो परिवारले गरेको थियो भनेर बखान गरेर मात्र जीवन चल्न सक्दैन । युवाहरू परिवारको अभिभावकले यो गरिदिएन, गाउँका नेताले सोर्सफोर्स नलगाएकोले म बेरोजगार बसेको भनेर विलौना गाउने, घरपरिवार भित्र, छिमेकीमा नेताहरुसंग पिलन्धरे रुवाईमात्र गरिराख्ने तर आफ्नो आत्मालाई नचिन्ने, आफूसंग कत्तिको शक्ति छ ? त्यो शक्तिलाई कसरी प्रयोग गरौं भनेर चाहना नराख्ने प्रवृत्ति देखिन्छ । प्रत्येक मानिसमा केही न केही खुबी वा सम्भावनाहरू लुकेर बसेको हुन्छ । तपाईको खुबी, चाहना र सम्भावनाहरू के के हो ? त्यसको विश्लेषण गर्ने र मूख्य सम्भावनाका आधारमा भविष्यको बाटो तय गर्ने गर्नु पर्दछ ।

के गरौं कसो गरौं भनेर मन चञ्चल बनाएर बसेका पालिका भित्रको समुदायमा बसोबास गर्ने प्रत्येक परिवारको चाहना, युवाको चाहना, महिलाको चाहना, दलित, जनजातीको चाहना, बालबालिकाको चाहनाहरुलाई सुम्सुमाएर पालिकाले अभिभावकको भूमिका खेल्न सक्नु पर्दछ । यसका लागि प्रत्येक परिवारलाई केही न केही आर्थिक उपार्जन गर्ने मेसो तर्फ लगाउनु पर्दछ । जसले केही आर्थिक उपार्जन गरिरहेका छन् उनीहरूलाई अझ बढी आर्थिक उपार्जन गर्न के के गर्न सक्दछन् ? पालिकाले उनीहरूलाई कसरी सहयोग गर्न सक्दछ ? पालिका भित्र कूल ग्राहस्थ उत्पादन अर्थात कूल घरेलु उत्पादन बढाउन के कस्ता स्रोतहरु छन् ? कस्ता सम्भाव्यताहरू छन् ? कस्तो जनशक्ति छ र कस्तो जनशक्तिको आवश्यकता छ ? यसबारेमा संस्थागत रुपमा पालिकाले अनुसन्धान गर्ने, अभिमुखीकरण गर्ने र अवसरहरू जुटाइदिने गर्नु पर्दछ ।

नेपालको जीडीपी बढाउन कृषि, बन, मत्स्य पालन, खानी उत्खनन्, निर्माण, उद्योग, विद्युत, ग्याँस र पानीको योगदानबारे धेरै व्याख्या विश्लेषण हुने गरेको छ । प्रायः पालिकाहरुमा कृषि, पशुपालन, फलफूल खेती, तरकारी खेती, मत्स्य पालन, कुखुरा पालन, मौरिपालन जस्ता व्यवसाय गरेर उत्पादन बढाउन सकिन्छ । यसले पनि जीडीपी बढाउन सहयोग गरिरहेको हुन्छ ।

थोक तथा खुद्रा व्यापारीहरू कति छन् ? होटेल, रेष्टुरेन्ट, यातायात र सञ्चार चलाउनेहरू कति छन् ? ब्यूटिपार्लर, सैलुन, सवारी साधन मरमत ग्यारेज, मोबाइल मरमत गर्ने स्थानहरू, हाट बजारको विकासका लागि गरिएको प्रयासले जीडीपी बढाउन सहयोग गरिरहेको हुन्छ । उत्पादनमूखी उद्योगहरू संचालन गर्न लगाउनु पर्दछ । आफ्नो नगर क्षेत्रभित्र ठूला उद्योग खोल्न चाहनेलाई प्रोत्साहित गरेर सहुलियत दिएर ल्याउने, पालिका क्षेत्रमा प्राप्त हुने कच्चा पदार्थमा आधारित उद्योगहरू ठूलो, मझौला र साना कुटिर उद्योगहरू खोल्न लगाउने, हस्तकलाका सामग्रीहरू उत्पादन गर्न लगाउने र त्यसको बजारको व्यवस्थापनमा पालिकाले ध्यान दिने हो भनेपनि जीडीपी बढाउन सहयोग गर्दछ ।

ठूला उद्योग खोल्ने उद्योगी घरानाहरू अहिले प्रायः विराटनगर, वीरगञ्ज, हेटौडा, काठमाडौं तर्फ केन्द्रित छन् । आफ्नो नगर क्षेत्रमा औद्योगिक क्षेत्र खोल्न सक्ने स्थानको पहिचान गरेर त्यहाँ उद्योग खोल्न औद्योगिक घरनाहरूसँग अनुरोध गर्ने, बैदेशिक रोजगारमा गएका मानिसहरुलाई समूह बनाएर उद्योगहरू खोल्नका लागि अनुदान, सहुलियत र सुरक्षा उपलब्ध गराउने काममा ढीला गर्नु हुन्न । वडा स्तरमा उद्यमशील समूह गठन गर्ने, कृषि पेशामा संलग्न रहेर निर्वाहमूखी क्रियाकलाप गरेर जीवन धानीरहेका परिवारलाई भएकै जग्गामा उद्यमशील काम गर्न लगाएर बढी आम्दानी गराउन सकिन्छ । विदेशका यूवाले पठाएका रकम फजुल खर्चमा नाश भइरहेको अवस्थामा उनीहरूको परिवारलाई उद्यमशील तालीम दिएर आएको नगदलाई सदुपयोग गर्नु पर्दछ ।

घरेलु तथा साना उद्योग सम्बन्धी जानकारी लिन चाहनेहरू वा परामर्श चाहनेहरुको लागि त्यससंग सम्बन्धित सूचना केन्द्रहरू स्थापना गर्नु पर्दछ । पालिका अन्तर्गत रहने उद्योगका लागि चाहिने जनशक्ति आफ्नै पालिकाभित्रबाट उपलब्ध गराउन आवश्यक सीपहरूका लागि गुणस्तरीय तालिमहरुको व्यवस्था गरेर दक्ष जनशक्ति तयार गर्ने काम पालिकाकै हो । महिलाहरू पूर्ण र आंशिक बेरोजगार छन् । कतिपय उद्योगका लागि चाहिने सामग्री मध्ये केही मानिसले हातले नै बनाउनु पर्ने हुन्छ । त्यस्तो हातले बनाउने र उद्योगलाई दिने वा हातले बनाएर सिधै बजारमा बेच्न सक्ने सामग्रीहरू बनाउनका लागि महिलाहरूलाई तालिम दिने, कच्चा पदार्थ उपलब्ध गराइदिने र खरबाटै सामान खरिद गरेर उद्योग वा बजार लाने परिपञ्च मिलाइ दिन पालिकाले सक्दछ । यसले पालिका र नागरिकबीचको सम्बन्ध पनि प्रगाढ हुन्छ र नागरिकलाई सन्तुष्टि पनि प्राप्त हुन्छ ।

कतिपय पालिका भित्र पहाडी भाग, खोलानाला, जंगल छन् । खानी हुनसक्छन् ।

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- मित्र वा आफन्तको सहयोगबाट मिल्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । गरेका कामबाट राम्रै लाभ होला । बौद्धिकताको विकासपनि हुनेछ । **वृष** :- कलहको योग भएकोले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । आर्थिक क्षेत्रमा संकट आउला । बन्दव्यापारमा मन्दी छाउनेछ । **मिथुन**:- आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । श्रमकोपनि उचित मूल्यांकन हुनेछ । **कर्कट** :- नसोचेको ठाउँ बाट धन हात पर्नेछ । नयाँ काममा हात हाल्ने समय छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । परिश्रम गर्दा अधिक धनार्जन हुनेछ । **सिंह**:- रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट विशेषसहयोग मिल्नेछ । तर साँझमा खर्च बढ्न सक्छ । **कन्या** :- रमणीय र सुखद् यात्राको योग छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिष्ठान्न भोजनको अवसरपनि प्राप्त हुनेछ । **तुला**:- आज राजनैतिक कार्यमा सफलता मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । नयाँ-नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक पक्ष सुदृढ बन्नेछ । **वृश्चिक** :- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साथी या नयाँ व्यक्तिसंग भेटघाट होला । **धनु** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । अध्ययन-अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । **मकर** :- आज यात्रामा मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्नेछ । साँझमा आर्थिक संकट आउन सक्छ । **कुम्भ**:- घरमा अतिथीको आगमन हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ । लाभदायक यात्रा रहनेछ । व्यवसायिक क्षेत्र लाभप्रद रहनेछ । **मिन** :- आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । छोटो दुरीको लाभदायक यात्रा रहला । कलकारखाना र बन्दव्यापारमा फाइदापनि हुनेछ ।

# मान्छेले जस्तै बोटबिरुवाले पनि कुराकानी गर्न सक्छन् ?

आफ्नो दुनियाँबाट पराया दुनियाँमा पुगेपछि सबैकुराहरु नौलो लाग्ने गर्छ । मानव गतिविधिलाई छाडेर हामी पशुपन्छीको जस्तो सुकै असामान्य व्यवहारलाई पनि चाख मानेर हेर्ने गर्छौं । मान्छेको व्यवहारपछि हामीलाई पशुपन्छीको व्यवहार केही हदसम्म भिन्न लाग्ने गर्छ । तर पशुपन्छीबाट पनि माथि उठेर बोटबिरूवाको व्यावहारिक पक्षतिर लाग्यौं भने मान्छेले नयाँ दुनियाँ पत्ता लगाउँछ । यही नयाँ दुनियाँको खोजीमा छन् माइक्रोसफ्ट कम्पनीको 'प्रोजेक्ट फ्लोसेन्स' र सिड्नी विश्वविद्यालयका अनुसन्धानकर्ताहरु ।

उनीहरु मान्छे र जनावरले जस्तै बोटबिरूवाले पनि आवाज पहिचान गर्ने र प्रतिक्रिया जनाउने गर्न सक्छन् ? भन्ने कुराको खोजीमा लागेका छन् ।

अनुसन्धानकर्ताहरूले धेरै हदसम्म बोटबिरूवाले बोल्न र सुन्न सक्ने कुरा पत्ता लगाएका छन् । बोटबिरूवामा प्रजनन् हुन्छ, अक्सिजन र कार्बनडाइअक्साइडको आदानप्रदान हुन्छ भने के बोटबिरूवाले एक आपसमा कुराकानी पनि गर्छन् होला त ?

हामीले बोलेको जनावरले सहजै प्रतिक्रिया जनाउँछन् तर जनावरले बोलेको हामीले बुझ्दैनौं । यस विषयमा अध्ययन गरेका वैज्ञानिकहरूले हामीमा जनावरले बोलेको बुझ्ने कोषिकाको विकास नभएकोले भाषा बुझ्न कठिन भएको निष्कर्ष निकालेका छन् ।

**के बोटबिरूवाले एक अर्कासँग कुरा गर्छन् ?**

धेरै मान्छेले यो शीर्षक पढेर छुट्टाछुट्टै धारणा बनाउन सक्छन् । किनकि हामीले बाल्यकालदेखि नै देखेका छौं कि बोटबिरूवाले एक अर्कासँग कुरा गर्ने गरेका हुँदैन । यस्तो हामीले कहिलै पनि सुनेको समेत छैनौं । तर वैज्ञानिकहरु यसैलाई पूर्ण सत्य मान्न सक्दैनन् ।

विज्ञान जहिले पनि परिवर्तनशील हुन्छ र यसको सिद्धान्तहरु पनि । धेरै अनुसन्धानहरूबाट तथ्यहरु बटुल्दा, यो कुराको पुष्टि भएको छ कि बोटबिरूवा पनि एकअर्कामा कुराकानी गर्छन् ।



न्युयोर्क टाइम्समा प्रकाशित एक रिपोर्ट अनुसार सिड्नी विश्वविद्यालयका डा. ग्याग्लियन्सले यस विषयमा धेरै अध्ययनहरू सार्वजनिक गरेका छन् । यसले के कुरा पुष्टि गरेको छ भने बोटबिरूवाहरु पनि धेरै हदसम्म बौद्धिक हुन्छन् । उनीहरूले आफ्नो जराको माध्यमबाट एक अर्कासँग कुराकानी गर्छन् र आफ्नो वरपरका आवाजलाई सुन्न पनि सक्छन् ।

केही वैज्ञानिकहरु यो पनि भन्छन् कि रुखहरु र बोटबिरूवाले एक अर्कासँग कुरा मात्र गर्दैनन्, उनीहरूले मानव र तिनीहरूको वरिपरिको सबै ध्वनिलाई सुन्न पनि सक्छन् । न्युयोर्क टाइम्सकै रिपोर्टमा बोटबिरूवाले खोला बगेको जस्तो आवाजहरु सुन्न सक्ने पत्ता लगाएको उल्लेख छ ।

**मान्छे–बिरूवाको सञ्चार प्रयास**

अहिले अर्काथरी वैज्ञानिकहरु मान्छे र बिरूवाबीचको संवाद सार्थक गराउने प्रयासमा छन् । त्यसकारण रूखहरु र बोटबिरूवा वरपरको वातावरणले उनीहरूको वृद्धिमा प्रत्यक्ष प्रभाव पार्छ । यसका साथसाथै बिरूवाहरूले अन्तर्क्रिया गर्न धेरै प्रकारका संकेतहरु पनि प्रयोग गर्छन् ।

**बोटबिरूवाको कुरा सुन्न सकिएला ?**

यदि साँच्चै बोटबिरूवाहरु आपसमा कुराकानी गर्छन् भने उनीहरूको कुराकानी सुन्नु कत्तिको आनन्ददायक हुन्थ्यो होला ? अहिले वैज्ञानिकहरूले एउटा उपकरण निर्माण गरेका छन्, जसबाट हामी रूख र बोटबिरूवाको कुरा सुन्न सक्छौं भन्ने उनीहरूको दाबी छ । यस उपकरणको माध्यमबाट हामी बोटबिरूवाको भाषा र यो संकेतहरु उत्प्रेरित गर्ने तरिकाको बारेमा जान्न सक्नेछौं भन्ने निर्माण पक्षको दाबी छ । माइक्रोसफ्टले बनाएको यो विशेष उपकरणको नाम 'प्रोजेक्ट फ्लोरेन्स' हो । बोटबिरूवाहरूबारे कुरा गर्ने तरिका बुझ्नको लागि यो डिभाइस तयार पारिएको माइक्रोसफ्टले जनाएको छ । तपाईं बोटबिरूवासँग सिधा यस उपकरणमार्फत कुरा गर्न सक्नुहुन्छ ।

यो उपकरणले प्रकाश स्पेक्ट्रमको आधारमा प्रकाशका धेरै तरंगहरूमा विभाजन गर्छ र निर्धारित तीव्रता अनुपातको आधारमा बोटबिरूवाको कुराकानीलाई कैद गर्न सकिन्छ भन्ने निष्कर्षमा वैज्ञानिकहरु पुगेका हुन् ।

यसबाहेक इलेक्ट्रो रासायनिक संकेतमा आधारित भएर बिरूवालाई हाम्रो सन्देश पठाउन सकिन्छ । त्यसो त सो उपकरणको विकास बिस्तारै गरिँदैछ । त्यसैले यसको दक्षताको बारेमा धेरै उल्लेख गर्न सक्ने अवस्था छैन ।

धेरै सूक्ष्म तरिकाले वैज्ञानिकहरूले वातावरणसँगै बोटबिरूवाको सम्बन्ध बुझ्ने कोसिस गरिरहेका छन् । ताकि ती व्यक्तिहरुले सकेसम्म बिरूवासँग कुरा गर्ने तरिकाको विश्लेषण गर्न सकून् ।

**जनावरहरु एक अर्कासँग कसरी कुरा गर्छन् ?**

वैज्ञानिकहरु विश्वास गर्छन् कि बोटबिरूवा र मान्छेले जस्तै जनावरहरूले समेत एक अर्कामा कुराकानी गर्न सक्छन् । तर उनीहरूले कुराकानी गरेको बुझ्न सक्ने कोषको विकास हाम्रो शरीरमा नभएको हुन सक्ने वैज्ञानिकहरु बताउँछन् । यद्यपि, अन्य जीववैज्ञानिकहरु यो पनि भन्छन् जनावरको शरीरको विभिन्न अंगले सांकेतिक रूपमा मान्छेसँग कुराकानी गर्छन् ।

सबै जना जान्दछन् कि जनावरहरूले मुखबाट आवाज निकाल्न सक्छन् । तर किन जनावरहरु हामी जस्तो कुरा गर्न सक्दैनन् ? यसको एउटै उत्तर हो पशुहरूको ध्वनि मानिस जस्तो कुरा गर्न पर्याप्त लचिलो हुँदैन ।

**जनावरहरु पनि एक अर्कासँग कुरा गर्छन्**

जब हामी बोल्छौं त्यसको लागि हाम्रो शरीरका धेरै मांसपेशीहरु सक्रिय हुन्छन् । हाम्रो श्वासप्रणालीमा उपस्थित अधिकांश अंगहरूले हाम्रो बोलीलाई टोनमा रूपान्तरण गरेर भाषामा परिणत गर्छ । त्यसकारण बोल्ने समयमा हामी हावाको सहयोगबिना शब्दहरु उच्चारण गर्न सक्दैनौं । यसबाहेक हाम्रो भ्वाइस बाकसमा रहेको 'भोकल तार' जुन हामीले हावाको चापले हल्लाउन सक्छौं, त्यसले हाम्रो दिमाग अनुसार शब्दहरूको गहनता बदल्न सक्छ तर जनावरहरूले यो गर्न सक्दैनन् । जे होस् उनीहरूले आफ्नो भोकलमा नियमित र स्थिर कम्पन उत्पादन गर्न सक्दैनन्, जसको कारण उनीहरूले आवाज निकाल्न सक्छन् तर बोल्न सक्दैनन् ।

*अनलाइन खबरडटकमबाट*






## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६०११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६०१३८ |
| सिता नोवेल न्यूज सेन्टर, लहान | ०३३–५६००२७ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| सप्तऋषि अस्पताल, लहान | ०३३–५६१८०२ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| एम्बुलेन्स (रेडक्रस), सिरहा | ०३३–५२०१२३ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

| | |
|---|---|
| **कल्याणपुर नगरपालिका कार्यालय, सिरहा** | **धनगढीमाई नगरपालिका कार्यालय, सिरहा** |
| **गोलबजार नगरपालिका कार्यालय, सिरहा** | **सिरहा नगरपालिका कार्यालय, सिरहा** |

# विद्यालयमा स्वास्थ्य मापदण्ड हेर्ने जिम्मा पालिकालाई

काठमाडौं । शैक्षिक सत्र खेर जाने जोखिम बढेपछि सरकारले नोवेल कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्था विश्लेषण गरेर भौतिक रूपमै विद्यालय सञ्चालन गर्न दिने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्मा स्थानीय तहले परिस्थिति विश्लेषण गरेर यो विषयमा आवश्यक निर्णय लिने र विद्यालयलाई समय समयमा निर्देशन दिनुपर्ने बताउँछन् ।

'समग्र अनुगमन संघीय र प्रदेश सरकारले गर्छ' प्रवक्ता शर्मा भन्छन्, 'तर प्रत्यक्ष निगरानी र अनुगमनको जिम्मेवारी सम्बन्धित पालिकाकै हो ।' मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचामा सम्पूर्ण सुरक्षा मापदण्ड पुरा गरेर विद्यालय पुनःसञ्चालन वा बन्द गर्ने निर्णय स्थानीय तहले गर्नुपर्ने भनिएको छ ।

विद्यालय सञ्चालनका लागि आवश्यकता अनुसार कक्षाकोठा, सभाहल, छात्रावास, फर्निचर, शौचालय आदि पुनःव्यवस्थापन तथा मर्मत गर्नुपर्नेछ ।

स्थानीय तहले विद्यालयहरुमा पानी, स्वास्थ्य तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने गराउने, हात धुने, खोकी लाग्दा वा हाच्छिउँ गर्दा मुख छोप्ने, अन्य सुरक्षा उपकरण प्रयोग गर्ने र घरमा समेत त्यसको अभ्यास गराउन व्यवस्थापन गर्नुपर्नेछ । विद्यालयमा आवश्यक मापदण्ड पूरा भएको छ वा छैन भनेर यकिन जिम्मेवारी सम्बन्धित पालिकाको हो ।

आधारभूत र माध्यमिक शिक्षा पालिकाहरुको अधिकार संविधानले स्थानीय तहलाई दिएको छ । शिक्षा स्थानीय, प्रदेश र संघको साझा अधिकारको सूचिमा पनि छ ।

कोरोनाको अवस्थाबारे संघ र प्रदेश भन्दा स्थानीय सरकार जानकारहरु शिक्षा मन्त्रालयका अधिकारीहरु बताउँछन् । मन्त्रालयका प्रवक्ता शर्मा भन्छन्, 'विद्यालयको यथार्थबारे सबैभन्दा बढी पालिकाहरु नै हुन्छन्, त्यसकारण पनि प्रत्यक्ष अनुगमन त्यहीँबाट गर्नु सबैभन्दा प्रभावकारी हुन्छ ।'

पालिकाले सामाजिक विकास समिति, गाउँ वा नगर शिक्षा समिति वा अन्य उपयुक्त संयन्त्रलाई मुख्य जिम्मेवार बनाई विद्यालय वा विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउनु पर्ने कार्यढाँचामा उल्लेख छ ।

संघीय सरकारले विद्यालय सञ्चालन सम्बन्धमा आवश्यप थप मापदण्ड बनाउने र समष्टिगत निर्देशन दिनुपर्नेछ । यस्तै, विद्यालय सञ्चालनका सन्दर्भमा प्रदेशको अवस्थाको समीक्षा गरी मार्गदर्शन गर्ने जिम्मेवारी प्रदेश सरकारलाई दिइएको छ ।

*अनलाइन खबरबाट*

## लागूऔषध ...

खरिद बिक्री हुनु र खुल्ला सीमाका कारण यसको कारोबारमा नियन्त्रण गर्न प्रहरीलाई टाउको दुखाई बनेको छ । जसका कारण सिरहाको लहान, बरियारपट्टी लगायत सीमाका बजार लागूऔषध सेवनकर्ता र कारोबारको 'ट्रान्जिट प्वाइन्ट' बनेको छ ।

भरतीय सीमावर्ती विभिन्न बजार क्षेत्रका केही किराना, औषधी पसल तथा झुपडिहरूमा अरू औषधि सरह सहजरूपमा प्रतिबन्धित लागूऔषध पाइने गरेको छ । यसबाट सेवनकर्ताको संख्यामा वृद्धि भई स्थानीय स्तरमा अपराधिक मनोवृति हाबी हुदै जाने गरेको छ ।

देखासिकीमा लागूऔषधको कुलतमा फस्नेमा अधिकांश स्कुले विधार्थीहरू छन् । 'सुरुमा चुरोटबाट धुमपान मधपान कुलतमा फस्ने स्कुले बालबालिकाहरू पछि देखासिकीमा जटिल प्रकारका टयाबलेट र इन्जेक्सन सेवनकर्ता बन्ने गरेको पाइएको छ' अधिकारकर्मी राजकुमार राउत कुर्मी भन्छन् 'दुव्यर्सनीको वृद्धिसँगै अपराधिक मनोवृति हाबी हुँदै गएपछि घर, परिवारदेखि समाजमै सुरक्षा चुनौती बढेको छ ।' जिल्लामा सानातिना चोरी लगायत अपराधिक घटना हुनुमा लागूऔषध प्रयोग पनि कारक भएको उनको भनाइ छ । 'लागूऔषध नसालु पदार्थ सेवनले पनि अपराधिक घटना घटाउन सहयोगी छ' उनले भने 'यसको सुलभता नियन्त्रण गर्न प्रशासनले ध्यान दिनुपर्छ ।'

उनका अनुसार सीमावर्ती ठाडी बजार लगायत लहान र मिर्चैयामा लागूऔषधको सेवन गर्न उदयपुरको कटारी र गाईघाट तथा पुर्व र पश्चिमका अन्य जिल्लाबाट पनि दुर्व्यसनीहरू आउने गरेका छन् । उदयपुरको पहाडी क्षेत्रबाट गाँजा र भारतीय सीमावर्ती क्षेत्रबाट लागूऔषध भित्रिने गरेका कारण यसको रोकथाम, नियन्त्रण र दुर्व्यसनी न्युनीकरणमा प्रहरीसूगै समुदायपनि सक्रिय हुनुपर्ने उनको सुझाव छ ।

## १७ लाख ...

नियन्त्रणमा लिएको पिकअप गाडी, कपडा र चालकलाई आवश्यक कारवाहीको लागि पथलैयास्थित आन्तरीक राजश्व अनुसन्धान कार्यालय पठाइएको छ ।

## पालिकाले...

बालुवा, रोडा, ढुङ्गा उत्पादन गर्न सकिन्छ । काठ उत्पादन हुन सक्छ । बाँझो जग्गालाई लामो अवधिको लागि पालिका भित्रका नागरिकलाई कागती खेती गर्न, काठ, घाँस, दाउरा उत्पादन गर्न वा फलफूल बगैँचा लगाउन दिनका लागि भाडामा दिन सकिन्छ । यसले पनि मानिसको आम्दानी बढ्छ ।

सहकारीहरूले समेत कूल ग्राहस्थ उत्पादनमा सहयोग गरिरहेका छन् । अहिले नेपालमा सहकारीले लगभग ४ प्रतिशत योगदान गरिरहेको छ । यसलाई बृद्धि गर्ने रणनीतिहरू बनेको छ । पालिका भित्रका सहकारीहरूले छरिएर रहेको पूँजी, श्रम, सीप र अनुभवलाई अधिकतम सदुपयोग गर्दै वस्तु र सेवाको उत्पादनमा जोड दिने सरकारी नीति पनि छ । यसलाई पालिकाहरूले संवेदनशील भएर सबै सहकारीलाई सक्रिय गराउने, कमजोर सहकारीहरूबीच मर्ज गराएर बलियो बनाउने, नयाँ नयाँ सहकारी खोल्न सहयोग गर्ने काम गर्न सक्दछ । सहकारीका सदस्यहरूलाई उद्यमशील बनाउने वा सहकारी आफैपनि उत्पादनमा जाने वातावरण बनाउन सकेमा पालिकाको जीडीपी बढाउन धेरै कुर्नु पर्दैन ।

सहकारीहरू भित्रै प्रविधिको विकास गर्ने, लघु उद्योग स्थापना गर्ने, मझौला सहकारी उद्योगहरू संचलान गराउने, कृषि उत्पादन गर्ने, त्यसको भण्डारण गर्न सहकारी नै अग्रसर हुने काम गर्न सक्दछ । साथै सहकारीले आफूले संकलन गरेको उत्पादनहरूलाई भण्डारण पछि मूल्य आउने बेलामा बजारीकरण गरेर आम्दानी लिन सक्दछ । सहकारीले कृषि सामग्री आपूर्तिमा पहुँच विस्तार गर्नु पर्दछ ।

एउटा अर्थव्यवस्थाको आर्थिक प्रदर्शनको एउटा भरपर्दो माप जीडीपी हो । एकवर्षमा देशको सीमा भित्रमा अन्तिम मालसामान र सेवाहरूको बजारमूल्य हो भन्दा पनि हुन्छ । पालिकाले जीडीपी योजना बद्ध ढंगले बढाउनका लागि योजना बैंक खोल्नु पर्दछ । यसले कुन योजना वार्षिक बनाउने ? कुन योजना आवधिक हुन्छ ? कुन कुन योजनाहरू प्रान्त, संघ र विदेशी दातृहरूको सहयोगमा बनाउन सकिन्छ ? समुदायको सहयोगबाट बन्न सक्ने योजना, पालिकाको आफ्नै आम्दानीले बनाउन सक्ने योजनाहरूको तह विभाजन गरी पाँच वर्ष, १० वर्ष वा त्यो भन्दा लामो अवधि लगाएर बनाउने योजनाहरूको बैंक प्रत्येक नगरपालिकाले परिकल्पना गरेर पाइपलाइनमा राख्नु पर्दछ । यस्ता आयोजनाहरू सम्पन्न भएर पछि जीडीपीलाई टेवा दिइरहेका हुन्छन् । यो त हामीले गर्न नसक्ने योजना हो भनेर हार मान्नु हुन्न । योजना बैंकमा राखेपछि त्यसबारेमा प्रचारबाजी गरेर त्यसको आवश्यकता माथिल्लो तहसम्मलाई महशुस गराएर काम निकाल्न सकिन्छ ।

स्थानीय तहको आवश्यकता र औचित्यका आधारमा भूगोल सुहाउँदो, दीर्घकालीन महत्व राख्ने, ठूला प्रवृत्तिका आयोजना एकीकृत गरी सूचिकृत गर्ने कार्य नै योजना बैंक हो । योजना बैंकमा गुरू योजना, आवधिक योजनाहरू समावेश गर्नु पर्दछ । राष्ट्रिय योजना आयोगले खानेपानी, सडक, रोजगार, विद्यालय, क्याम्पस, रोजगारी सृजना गर्ने खालको कार्यक्रमको योजना बैंकमा राख्नु पर्ने र लगानी स्रोत भेटिएपछि योजना संचालनको वातावरणीय अध्ययन गरी जग्गा प्राप्तिपछि क्रमिक रूपमा अघि बढेर आयोजनाहरू सम्पन्न गर्नु पर्दछ भन्ने गर्दछ । यसका लागि पालिकाहरूले लगानी भित्राउने नीति बनाउनु पर्दछ । लगानी भित्राउँदा पालिकाको कर प्रणाली के छ भनेर हेर्ने गरिन्छ । यसमा पनि सहुलियत खोज्नेहरू हुन्छन् ।

नेपालमा अहिले लगानी कर्ताहरूलाई उद्योग सञ्चालन गर्न धेरै अप्ठेरो छ । लगानीकर्ता उद्योग दर्ता गर्न नै पहिले वातावरण मन्त्रालय, पछि उद्योग मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयहरू धाउँदा धाउँदा हैरान हुनु पर्दछ । यति गर्दा राजनीतिक प्रभाव, स्थानीय कुण्डले मुण्डल व्यवस्थापन, चन्दा असुली, चोरी सुरक्षाबाट हैरान हुन्छन् । पालिकाले यस्तो झण्झटबाट मुक्ति दिन एकद्वार प्रणाली लागू गर्ने र सहज ढंगले लगानी कर्तालाई पालिकामा भित्राउनु पर्दछ ।

कतिपय अवस्थामा अन्तरपालिका सहकार्य समेत गर्नुपर्ने हुन्छ । दुई वा दुई भन्दा बढी पालिकाहरूमा उत्पादन हुने कच्चा पदार्थहरू सदुपयोग हुने, जनशक्ति प्रयोग हुन सक्ने र एकअर्काको भौगोलिक क्षेत्रमा सिँचाइ, खानेपानी सुविधा, पुल निर्माण जस्ता विषयहरूमा सहकार्य गरेर अघि बढेमा सरोकारवाला पालिकाहरूको संयुक्त लगानीले ठूल-ठूला काम हुन सक्दछन् । यसले पनि जीडीपी बढाउन नै फाइदा हुन्छ ।

जीडीपी बढाउन पालिकाले गर्न सक्ने सानो तिनो काम भनेको मैनवत्ति, अगरवत्ति बनाउने, कुचो उत्पादन, काठ र बाँसका सामानहरू उत्पादन, डोरी उत्पादन, ढाका बुनाई, माटाका भाँडाहरू उत्पादन, हस्तकला उद्योग, मौरी पालन, हाउस वायरिङ् गर्ने, प्लम्बिङ् गर्ने, सेनेटरीको काम, घरेलु मास्क बनाउने, समुदायलाई दैनिक उपभोगका लागि चाहिने तेल, घीऊ, दुध, दही, चीज उत्पादन, चामल, दाल, भुजा, चिउरा लगायत अन्य खाद्यान्न बनाउने घरेलु उद्योगहरू स्थापना गर्न प्रोत्साहित गर्ने र पालिकामा नागरिकलाई आफ्नो पालिका भित्र उत्पादन भएका सामग्रीहरूको उपयोग गरेर प्रोत्साहन दिन, उत्पादककर्तालाई उत्साहित बनाउन अभियान नै सञ्चालन गरेमा पालिकाका मानिसहरू उद्यमी हुन्छन् । यसले सबै मानिस कुनै न कुनै काममा लाग्दछन । कालान्तरमा पालिकाको जीडीपी बढ्छ । आफ्नो क्षेत्रको जीडीपी बढ्दा प्रान्तलाई र प्रान्तको बढ्दा देशकै जीडीपी बढाउन भूमिका निर्वाह गर्न सकिन्छ । तसर्थ अबका दिनमा पालिकाले गर्ने गतिविधिहरूलाई जीडीपीको नजरले हेर्नेगरी नीति नियम, कार्यविधि र निर्देशिकाहरू बढाएर अघि बढ्नु पर्दछ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)